संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

खबर

## तुरुन्त आबश्यकता ।

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजारको मेनचोक बिशालबजार भित्र रहेको महिमा मम सेन्टरलाई तु कर्मचारी चाहियो ।

कुक हेल्पर - १ जना
वेटर - २ जना
मिट कटर - १ जना
सहयोगी - १ जना
सम्पर्क - महिमा ममसेन्टर ।
९८६५४७६८८०, ९८०३३०३८०२




■ बर्ष-१५, ▶▶ अंक ३८४ साउन २७ बुधबार,२०७८, August– 11 Wednesday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# चौदण्डीगढीले के गर्यो ?

❖ मुलुकी संवाददाता



## भदौ अन्तिममा मुहार फेरिन्छ – त्रियुगा नगर पालिका, उदयपुर

# त्रियुगा जनता बहुमुखी क्यामपसमा के – के पढ्ने ?

❖ मनिता कुमारी राई

*उदयपुर, साउन २६*

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट मोतिगडामा रहेको त्रियुगा जनता बहुमुखी क्याम्पस मोतिगडा २०४४ सालमा स्थापना भएको हो । २०४४ सालमा मानविकि संकायमा आइए को पठनपाठन सुरु भएको मोतिगडा क्याम्पसमा २०४७ सालमा मानविकि संकायमा बिए पढाई सुरु गर्यो। २०५० सालमा पहिलो पटक कक्षा ११ को पठन पाठन सुरु गरेको इतिहास रहेको छ। उदयपुरको पहिलो क्याम्पस हो। त्यस्तै २०६६ सालमा शिक्षा बिषयमा एमएड डिग्री, २०६९ सालमा सुचना र प्रविधि बिषयमा बिएडको पठनपाठन सुरु गर्यो । २०७४ सालमा ब्यवस्थापन बिषयमा एमबिएसको अध्यायपन





रमेश चन्द्र रोक्का
क्याम्पस प्रमुख



सुरु गरेको हो । अहिले त्रियुगा जनता बहुमुखी क्याम्पस मोतिगडामा प्लस टुमा विज्ञान बिषय बाहेक शिक्षा, ब्यवस्थापन विषयमा ११ र१२, स्नातक तहमा शिक्षा, *- बाँकी ३ पेजमा*

## Admission Open




## Admission Open

भर्ना खुल्यो ॥।
भर्ना अवधी : श्रावण २५ गतेदेखि भाद्र ६ गतेसम्म ।
अभिमुखिकरण (Orientation ):भाद्र -७ गते बिहान -७ बजे
कक्षा सन्चालन: भाद्र -९ गतेबाट।
सम्पर्क समय : बिहान ७ बजेदेखि १० बजेसम्म
सम्पर्क न - 9852844003÷9807787309 9852835146÷9807766136
कक्षा ११ मा सिट सिमित छ । चाडैं भर्ना गर्नु होला ।हाललाइ भर्ना गर्दा अन्लाईन SEE को Gradesheet लिएर आउनु होला



## सम्पादकीय

# किशोरीको हत्या कसरी रोक्ने ?

उदयपुर जिल्लाको सदरमुकाम रहेको त्रियुगा नगरपालिका ६ जलजले मोहनपुरकी १७ बर्षिय कृशला चौधरीको कृरतापूर्वक हत्या भएको लास एक साता पछि फेला परेपछि अहिले उदयपुर चर्चामा आएको छ। एउटा १७ बर्षका किशोरी यसरी बर्बरतापूर्वक मारिदा उदयपुरे नागरिक्हरुको शान्ति सुरक्षाको स्थिति कस्तो छ भन्ने कुरा पनि देखाउँदैछ। समाजमा महिला, नारी, किशोरी, बालिका सधै अपराधीहरुको निशानामा पर्दै आएको छ। त्यसमा पनि फकाई, फुलाई गरेर बलत्कार गर्ने अनि हत्या गर्ने अपराधीहरुले किशोरीहरुलाई समाजमा पहिलो निशाना बनाईरहेको हुन्छ। किशोरीहरुलाई बचाउँनको लागि र बच्नको लागि पहिलो कुरा किशोरीहरुपनि सचेत हुन जरुरी छ। त्यसमा महिला, किशोरी, बालिकाहरुलाई अविभावकहरुले निगरानीमा राख्न जरुरी छ।

घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको छ। घटनामा संलग्न अपराधीहरु पक्राउ पर्नेछ। पक्राउ परेक्हरुलाई कानुनी कारबाही कडाईका साथ हुनेछ। नेपालको कानुनले जे ब्यबस्था गरेको छ त्यहि अनुसार सजाय हुनेछ। तर यि अहिले ब्यबस्था भएको कानुनले मात्र यस्ता घटना रोकिएला भन्ने लाग्दैन। समाजको बिकास, परिवर्तनको लागि महिला, किशोरी, बालिकाहरुको सुरक्षा हुन जरुरी छ। अहिलेसम्म देखिएको समस्या भनेको जहिलेपनि महिला, किशोरी, बालिकाहरु पटक - पटक यस्ता घटनाबाट पिडित बनेको छ। अनुसन्धानको क्रममा हत्या भएको किशोरी पटक - पटक घरबाट आफन्तकोमा जाने गरेको प्रहरीबाट खुलेको छ। ति आफन्तकोमा जाँदा उनले परिबारलाई जानाकारी गराएको र उनले गर्ने गतिविधि निगरानी गरेको भए अहिले यो स्थिति आउने थिएन भन्ने अड्कल गर्न सकिन्छ। पछिल्लो समय मोबाईल र सामाजिक सञ्जाल पनि यस्ता घटनालाई बढुवा दिन सघाउ पुगेको छ।

अब हामीले हाम्रो समाजको महिला, किशोरी, बालिका, छोरीहरुको सुरक्षाको निम्ति कडाईको साथ निगरानी र जनचेतना फैलाउनुपर्दछ। किशोरीहरुलाई अपराधीहरुको सम्पर्कसम्म पुग्न नदिन र अपराधीहरुलाई पनि घटना घटाउन नदिन चेतनाको बिकास गराउन आबश्यक छ। कुनै पनि समाज बिकासको निम्ति त्यो समाजरमा रहेका सामाजिक अभियान्ताहरुले यस्ता घटनाहरु घट्न नदिन महिला, किशोरी, बालिकाहरुको अभिभावक र समाजलाई आफ्नो परिवारका सदस्यहरुलाई चेतना दिन जरुरी छ। ति बाहेक अपराध गर्ने अपराधीहरुलाई चेतना सहित दिन सकिएमा र कडाईका साथ सजाए दिएमा यस्ता घटना रोक्न सकिन्छ।

# किशोरीको सामुहिक बलत्कारपछि हत्याको आशंका, अनुसन्धानमा ढिलाई

❖ मुलुकी संवाददाता

*गाईघाट साउन २७*

उदयपुरको त्रियुगा नगरपालिका-६, मोहनपुरकी १७ वर्षिय एक किशोरीको सामुहिक बलात्कार पछि हत्या भएको आशंका गरिएको छ। परिवारले छोरीको हत्या भएको भन्दै अपराधीलाइ कडा कारवाहीको माग गरेको छ। मृतकका बुवा प्रेम चौधरीले छोरी किर्शला चौधरीको सामुहिक बलात्कारपछि हत्या गरिएको हुनसक्ने भन्दै दोषी पत्ता लगाई कडाभन्दा कडा कारवाहीको माग गर्नुभएको छ। मृतककी आमा हिरा चौधरीले छोरीलाई विभत्सढंगले हत्या गरिएको भन्दै छिटो दोषी पत्ता लगाई कारवाहीको माग गर्नुभयो।

मृतकको शब लुकाइ पुरेको ठाउँ देखाउदै स्थानीय

गाउँले छिमेकीहरुले पनि घटना जघन्य अपराध भएको दाबी गर्दै अनुसन्धान गरी कारवाहीको माग गरेका छन्। स्थानीय सन्तोषकुमार खड्काले घटनाको प्रकृति हेर्दा किशोरीमाथि सामुहिक बलात्कार भइ हत्या भएको हुनसक्ने देखिन्छ। छिमेकमा जघन्य अपराध भएको भन्दै उहाँले प्रभावकारी प्रहरी अनुसन्धान हुनुपर्ने र दोषीलाई हदैसम्मको कारवाही हुनुपर्ने माग राख्नुभयो।

घटनास्थलको सुनसान एकान्त ठाउँ रातमाटे खोला र जंगलगत साउन १३ गते घरबाट हराएकी किशोरीको शब घर नजिकैको जंगलमा एकहप्तापछि साउन १९ गते फेला परेको थियो। सखुवा रुखको फेदको खाल्डोमा सामान्यरुपले पुरिएको अवस्थामा शब फेला परेको थियो। जंगलको रातमाटे खोलाको भेलले सखुवाको फेदमा आल्डो पारेको र त्यही शब लुकाउन सामान्य पुरिएको अवस्थामा फेला परेको स्थानीयहरुले बताएका छन्।

त्रियुगा नगरपालिका ६ मोहनपुर स्थित मृतकको घर

स्थानीयका अनुसार शबको प्रकृति हेर्दा जंगलमा कतै हत्या गरेर त्यहाँ गाडेको आशंका गरिएको छ। देब्रे हातमा लगाएको डिजिटल घडी, घाँटीको मालाको बुटि, खुट्टाको डोरी, चप्पल र कपडाको टुक्राबाट शबको पहिचान भएको थियो। शरीरको दाहिने भागको विभिन्न भाग क्षतविक्षेत भएको, कालो भएर डढेको, यौनांग क्षतविक्षेत भएको र दाँत झरेको अवस्थामा शव फेला परेको गाउँलेहरुको भनाई छ। शरीर र अनुहारमा एसिड प्रहार भएकोले कालो भएको र अनुहार र यौनांग क्षतविक्षत हुनेगरी ढुंगा वा धारिलो हतियार प्रहार गरी हत्या गरेको आशंका गाउँलेहरुको छ। किशोरिको सामुहिक बलात्कारपछि हत्या भएको आशंका गाउँलेहरुले गरेका छन्। किशोरीको हत्या हुनुमा अन्य कारण नदेखिएको बरु सामुहिक बलात्कार गरी हत्या भएको हुनसक्ने आशंका गरिएको वडासदस्य कृष्णबहादुर बुढाथोकीले बताउनुभयो।

घटना ढिलो सार्बजनिक भएको भन्दै प्रहरी र अधिकारकर्मीहरुको आलोचना भएको छ भने प्रहरी अनुसन्धान सुस्त भएको गुनासो छ। स्थानीयबासी तथा सञ्चारकर्मी मधुकर थापाले घटना भएको लामो समय वित्दासम्म पनि अपराधी पत्ता नलागेको बताउनुभयो।

घाँस, दाउराको क्रममा दुर्गन्ध आएपछि गाउँलेहरुले शब फेला पारी प्रहरीलाई खबर गरेका थिए। घटनास्थलमा पहिचान हुन नसकेपछि प्रहरीलेशव उदयपुर अस्पतालमा लगेको थियो। अस्पतालबाटै मृतकको बुबाले शब फेला परेको भोलीपल्ट साउन २० गते पहिचान गरेको थियो।

मृतक किशोरीको बुबाआमा न्यायको माग गर्दै

घटनास्थल मृतकको घरबाट करिब अढाइकिलोमिटर टाढा दक्षिणतर्फको रातमाटे जंगलमा पर्दछ। घर र घटनास्थलको बीचमा सगरमाथा राजमार्गको जलजले-लालपत्ता सडकखण्ड पर्दछ। हराएको दिन किशोरि फोनमा कुरा गर्दै जंगलतर्फ जाँदै गरेको गाउँलेहरुले देखेका थिए। स्थानीयका अनुसार घटनास्थल र आसपास घना जंगल रहेको छ। उक्त जंगलमा रमाइलोको निहुमा दैनिक जसो बाक्लोरुपमा गाँजा, भाङ, जाँडरक्सी, वियर बोकेर जानेहरु, जोडीहरु पनि जानेगरेका छन्। दिउसो लुटपाटसम्मको घटना हुने गरेको थियो। अप्रिय घटना हुनसक्ने त्रास स्थानीयहरुमा पहिलेदेखि नै भएकाले सुरक्षाको माग समेत गरिएको स्थानीय दिनेश गुरागाईले बताउनुभयो। तर, जनप्रतिनिधि र प्रशासनले ध्यान नदिदा आज जघन्य अपराध हुन पुगेको भन्दै उहाँले सुरक्षाको माग गर्नुभयो। घटनाले जंगल नजिकैको बस्तीमा रहेका किशोरीहरुको ज्यू ज्यान सुरक्षामा चुनौती थपिएको उहाँले बताउनुभयो।

समाजमा बढ्दो बलात्कार, हत्या हिंसालाई निरुत्साहित हुने ढंगले घटनाको छानविन गरी कारवाही अगाडी बढ्नु पर्ने अधिकारकर्मीको माग छ। अधिकारकर्मी माया भण्डारीले घटनाको बारेमा बुझ्दा जघन्य घटनाको रुपमा देखिएको बताउनुभयो। घटनास्थल हेर्दा र प्रकृति बुझ्दा सामुहिक बलात्कारपछि हत्या भएको हुनसक्ने देखिएको उहाँले बताउनुभयो। घटनाले सुरक्षा चुनौती बढाएको उहाँको भनाई छ। यसले प्रहरी, अधिकारकर्मी र स्वयम् अभिभावकहरुमा चुनौती दिएको उहाँको भनाई छ।

घटना शंकास्पद देखिएकाले सुक्ष्म अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी नायव उपरिक्षक बेदप्रसाद गौतमका अनुसार अनुसन्धानको क्रममा तीनजनालाई नियन्त्रण लिइ सोधपुछ चलिरहेको छ। घटनाको बारेमा सत्यतथ्य छिटै पत्ता लाग्ने प्रहरीको भनाई छ।

समाजमा जघन्य अपराध घटिरहेकोले प्रभावकारी अनुसन्धान गरी दोषीलाई हदैसम्मको कारवाही हुनुपर्ने माग सर्बसाधारणको रहेकोछ।



| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १५, काँका | रु ७० |
| २, अदुवा | रु १६० | १६, धनियाँ | रु ८० |
| ३, टमाटर | रु ६० | १७, लोकल बोडी | रु ८० |
| ४, बन्दा | रु ६० | १८, खर्बुजा | रु ४० |
| ५, भेन्टा | रु ८० | १९, रायो साग | रु १०० |
| ६, खुर्सानी | रु २०० | २०, लट्टे साग | रु ६० |
| ७, मुला | रु ६० | २१, प्याज | रु ७० |
| ८, पर्बल | रु १०० | २२, निगुरो | रु २५ |
| ९, तितेकरेला | रु ६० | २३ दुध | रु. ७० |
| १०, भिन्डी | रु ८० | २४, दही | रु ९० |
| ११, च्याउ | रु २४० | २५, मोही | रु ५० |
| १२, काउली | रु १६० | २६, घ्यु | रु ७०० |
| १३, पर्सी | रु ५० | २७, राँगाको मासु | रु ४०० |
| १४, कटहर | रु ४० | २८, बंगुरको मासु | रु ४०० |
| | | २९, खसीको मासु | रु १,००० |




प्रोपाईटर - प्रविण बस्नेत
होमडेलिभरीको लागि
सम्पर्क - ९८४४०५०२७५

| | |
|---|---|
| चिकेन मःमः.............. | १०० |
| चिकेन फ्राई मःमः ...... | .१२० |
| चिकेन सी मःम............ | १५० |
| चिकेन चाउमिन ........ | ..१५० |
| अण्डा चाउमिन........... | ..१०० |
| भेज चाउमिन............. | ७० |
| भटमास चिउरा सादेको.. | .६० |
| चिकेन रोष्ट................ | ९० |
| चिकेन रोष्ट खाजा सेट.. | १५० |
| चिकेन सादेको............... | ३०० |
| चिकेन चिल्लि ................ | ३०० |
| चिकेन पकौडा................. | ३०० |
| चिकेन फ्राई.................. | ..२०० |
| भेज पकौडा.................. | १०० |
| मटन पक्कु..................... | ४०० |
| पक्कु खाजा सेट ........... | ४३० |
| मटन भुटन.................... | ३०० |
| मटन भुटन खाजा सेट.... | ३३० |
| कोल्ड्रिंस पर ग्लास........ | .५० |
| हुक्का पर फेस.............. | ३०० |

*त्रियुगा...*

मानविकि र व्यस्थापन विषयमा अध्यन गर्न सकिन्छ। त्यस्तै स्नातकोत्तर तह डिग्रीमा शिक्षामा एमएड र ब्यवस्थापन विषयमा एमबिएस पढ्न सकिनेछ।

त्रियुगा जनता बहुमुखी क्याम्पस मोतिगडा गाईघाट उदयपुर का क्याम्पस प्रमुख रमेश चन्द्र रेक्का भन्छन् पहिलो कुरा मोतिगडा क्याम्पसको आफनै गौरब इतिहास अनुभव रहेको छ। दोस्रो कुरा यहाँको भौतिक वातावरण, पुस्तकालय जनशक्तिको ब्याबस्थापन र विकल्पहरु अरु बिधालयको बिद्यार्थीहरुले पाउदैन। एक पटक क्याम्पसमा आएर हेरिदिए हुन्छ भर्ना नै गर्नु पर्छ भन्ने छैन। यहि पढ्नु पर्छ भन्ने छैन। जहाँ इच्छा लाग्छ त्यहि पढ्दा हुन्छ। क्याम्पसमा गएर क्याम्पसको वास्तविकता बुझिदिए परिसर भित्र पसे भने धेरै कुराहरू आफै उत्पन हुन्छ। १ नम्बर प्रदेशमा जम्मा ५ वटा क्याम्पसले किउ ए प्रमाणपत्र पाएका छन्। ति ५ क्याम्पसमा मोतिगडा क्याम्पस पनि एक नम्बरमा पर्छ। अहिले मास्टर डिग्रीको प्रवेश परिक्षा खुलेरहेको छ।

एमबिएस ब्याबस्थापन संकाय र शिक्षा संकायको नेपाली अग्रेजी र पाठ्यक्रममा ४ वटा प्रवेश परिक्षा दिन सकिन्छ। यस क्याम्पसमा मास्टर पढाई हुन थालेको १५ बर्ष भईसकेको छ। त्यसको लागि ४० जनाको कोटा रहेको हुन्छ। आइ सिटिको अर्को प्राबिधिक विषय स्नातक तह रहेको छ। २०६३ सालमा +२ देखि मास्टर तहसम्म २५ सय बिद्यार्थीले अध्ययन गरेका थिए। अहिले २१ सय जति विधार्थीहरु अध्ययन गरि रहेका छन्।



उदयपुर जिल्लाको पुर्वी चौदण्डीगढी नगरपालिका ७ बेल्टार बजारको पुष्पलाल चोकमा मास्क नलगाउने सर्वसाधरण, कर्मचारीलाई एक सय जरीबाना काट्दै बेल्टारका प्रहरी। तस्बिर - बुद्धि कुमार राई





# बिके किराना पसल



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा
गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको, होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर सगै, उदयपुर।

*प्रोपाइटर* - भरत चामलिङ









# राष्ट्रिय फुटबल टोली पोखरामा

❖ बिबेक राई

*गाईघाट, साउन २६*

नेपाली राष्ट्रिय फुटबल टोली थप प्रशिक्षणको लागि मंगलबार पोखरामा आइपुगेका छन्। नजिकिँदो साफ च्याम्पियनसिपको तयारी स्वरुप बन्द प्रशिक्षणको लागि नेपाली टोली पोखरा पुगेको हो। पोखरामा नेपाली टोलीले आजबाट नै प्रशिक्षण सुरु गर्नेछ र करिब एक हप्तासम्म पोखरामा नै प्रशिक्षण गर्ने योजना बनाएको छ। नेपाली पुरुष फुटबल टोलीका लागि मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले पोखरा रोजेपछि थप प्रशिक्षणको लागि टोली त्यतै गएको हो ।

बुद्ध एयरमार्फत गएको कुवेती प्रशिक्षक अल्मुताइरी र सम्पूर्ण खेलाडीलाई कास्की जिल्ला फुटबल संघका पदाधिकारी र अध्यक्ष मिलन गुरुङले पोखरा विमानस्थलमा स्वागत गरेका थिए । नेपाली टोलीको अहिलेको तयारी आउँदै गरेको साफ च्याम्पियनसिप र त्यसअघि भारतसँग हुनै मैत्रीपूर्ण खेलको लागि हो । नेपालले भारतसँग दुई मैत्रीपूर्ण खेल काठमाडौँस्थीत दशरथ रंगशालामा खेल्नेछ । त्यसपछि नेपालले बंगलादेशसँग पनि मैत्रीपूर्ण खेल खेल्ने योजना बनाएको छ।

बन्द प्रशिक्षणको टोलीभित्र पर्न सफल आयुष घलानलाई श्री स्टार क्लबले आउँदो ए डिभिजन लिगको लागि सम्झौता गरेको छ। उनलाई मंगलबार नै क्लबले भित्राएको हो र उनले क्लबमा रहँदा १९ नम्बरको जर्सी लाउने भएका छन् । १७ वर्षिया उनी अहिलेको बन्द प्रशिक्षणमा रहेको नेपाली टोलीको सबैभन्दा कान्छा खेलाडी हुन्। बन्द प्रशिक्षणमा पर्ने खेलाडीमध्ये टोलीमा सबैभन्दा जेठो खेलाडी कप्तान तथा गोलरक्षक किरण चेम्जोङ हुन्। फरवार्ड नवयुग श्रेष्ठ पनि समान ३१ वर्षका भएपनि महिनाले चेम्जोङ सिनियर हुन्।

राष्ट्रिय टोलीभित्रको यात्राको कुरागर्दा पनि चेम्जोङ नै सिनियर हुन् । चेम्जोङले ७० क्याप जितिसकेका छन् भने श्रेष्ठले ३२ पटक राष्ट्रिय जर्सी लगाउने मौका पाएका छन्। तर गोलको हिसाबमा श्रेष्ठ र भरत खवास अहिलेको बन्द प्रशिक्षणमा पर्न सफल खेलाडीमध्ये सर्वाधिक गोलकर्ता हुन्। दुवैले सात गोल गरेका छन्। विमल घर्ती मगरले आठ गोल गरेको भएपनि उनी अहिले बन्द प्रशिक्षणमा छैनन् । अहिलेको बन्द प्रशिक्षणमा छ जना त गोलरक्षक नै छन्।

त्यस्तै नौ जना डिफेन्डर र १५ जना मिडफिल्डरले टोलीको बन्द प्रशिक्षणमा ठाउँ बनाएका छन् । टोलीमा छजना फरवार्डलाई बन्द प्रशिक्षणको लागि बोलाइएको छ । बन्द प्रशिक्षणमा रहेका यी ३६ खेलाडीबाट अन्तिममा २३ जनालाई छनौट गरेर अन्तिम टोलीको घोषणा गरिनेछ । उता राष्ट्रिय महिला फुटबलको कुरा गर्दा अर्को वर्ष भारतमा हुने एएफसी महिला एसियन कप छनौटको खेल नेपालले आयोजना गर्नु नपाउने भएको छ । भारत २०२२ महिला एसियन कपको छनौटको लागि समुह एफ नेपाल परेको थियो ।

नेपालसँगै फिलिपिन्स र हङकङ रहेको उक्त समुहको छनौट खेल नेपालमा हुने भनिएपनि एएफसीले नेपालमा नगर्ने जनाएको छ। कोभिड संक्रमित बढ्दो गरेको अवस्था र यस्तो अवस्थामा विभिन्न देशले अरु विभिन्न देशको यात्राको लागि प्रतिबन्ध लगाइरहेको अवस्थामा नेपालमा उक्त छनौट खेल हुन नसक्ने भन्दै एएफसीले छनौट खेल नेपालमा नगर्ने बताएको हो। नेपाल र अन्य समुहको छनौट खेलको खेल मिति तय नभएपनि खेलाउने ठाउँ उज्वेकिस्तानलाई तय भएको छ ।

उज्वेकिस्तानले न्युट्रल भेन्यूको रुपमा छनौट खेल खेलाउने भएको छ। उता अन्तरािष्ट्रिय फुटबलको कुरा गर्दा स्टार खेलाडी लियोनल मेस्सीले अब फ्रान्सको पेरिस सेन्ट जर्मन ( पिएसजी ) क्लबबाट खेल्ने भएका छन्। अर्जेन्टिनाका मेस्सीले सानै उमेरदेखि बार्सिलोनाबाट खेल्दै आउँदा पछिल्लोपटक पाइआएको आधा तलबमा बार्सिलोनामा नै बस्न चाहेपनि क्लबले आर्थिक र संरचनात्मक कारणले राख्न सकेन । त्यसपछि बिदाइ कार्यक्रममा सुरुदेखि अन्त्यसम्म मेस्सी निकै रुएको भिडियो भाइरल भएको थियो ।





त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः–**बिनोदकुमार पाण्डे**
सम्पर्कः– ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

## गाडी रिजर्भ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३७५८२





## प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

## नारायणी ग्याँस गाईघाट,डिलर, उदयपुर




बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।


माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट

गाईघाट, ;ाउन २६